# नेपाल गजेट

## नेपाल सरकारद्धारा प्रकाशित

## काठमाडौं भाद्र ३ गते ०९ साल

### भाग १

२००९ साल श्रावण ७ गते भएको मन्त्रीमण्डल बैठकको निर्णयः—

(१) क्रान्तिका बखत लुटपीटमा परेका व्यक्तिहरूको उजूर— प्रधानमन्त्रालय राज्यव्यवस्थाबाट उक्त विषय सम्बन्धी प्रस्तावहरू पेश भएकोमा तपसील-बमोजिम गर्ने निर्णय भयो।

(क) जिल्ला जिल्लामा ०७ सालको राजनैतिक आन्दोलनमा खटिई गएका र अन्य व्यक्तिहरू समेत भई लुटपीट भएको भराई पाउँ भन्ने उजुरीहरू बारे जुन जुन जिल्लामा त्यसको लुटपीट भई हानी नोक्सानी भएको हो सोही जिल्ला गोस्वाराका बडाहाकिम, माल अमिनी र अपीलका हाकिमहरू समेत चार जनाको एक कमेटी खडा गर्ने र यस सम्बन्धी उजूर बाजूर निवेदनपत्रहरू सम्बन्धीत जिल्लाहरूमा पठाई सोही कमेटी-द्वारा छानवीन गराई यथार्थ रिपोर्ट आएपछि मन्त्रीमण्डलले विचार गर्ने।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(ख) ०७ साल फाल्गुन ७ गतेको शाही घोषणा अनुसार सरकारी खत तथा दण्डकुण्डसम्म माफि हुन सक्छ । तर दुनियाँको वा सरकारी बिगोको हकमा माफि हुन सक्तैन । सरकारी माल खजानाहरू वा अरू सरकारी तहवील जिम्माको धनमालका हकमा पनि सरोकारवाला मुख्य हाकिमले आफ्नो जिम्माको खरखजानाको हिसाब बुझाउनै पर्छ सो नगरेमा निज हाकिम जवाफदेही हुनेछ ।

(ग) प्रधानमन्त्रालय राज्यव्यवस्थालाई मन्त्रीमण्डलबाट अखत्यारी दिई हेरिने भएका मुद्दा मामिलाका हकमा ऐनसवाल बमोजिमको अर्जि लिइरहँदा मुद्दा टंगिन गै धेरै समय लाग्ने हुनाले प्रधानमन्त्रालयका प्रस्तावबमोजिम १ पटक ७ दिनको अर्जि लिनेर १५ दिनभित्र १ पटक थपाउन पाउने गर्न आदेश दिने ।

सेक्रेटरी,
प्रधानमन्त्रालय साधारण राज्यव्यवस्था.

गोरखापत्र छापाखानाबाट प्रकाशित

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।